# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

फोन: ०९१-४१७४१० (मा.मन्त्री ज्यू)
फोन: ०९१-४१६१६८ (सचिव ज्यू)
फोन: ०९१-४१७२२५(प्र. महाशाखा)
फोन: ०९१-४१६६२१(प्रा. महाशाखा)
इमेल: molmac7@gmail.com


प.स.: ०७५।७६
च.नं. 1229

मितिः २०७६/०१/०३

**विषयः सूचना टाँस गरी आवश्यक समन्वय गर्ने बारे।**

श्री स्थानीय तहहरु सबै, कंचनपुर।
श्री स्थानीय तहहरु सबै, कैलाली।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको चालु आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मसिना तथा वासनादार धान उत्पादन कार्यक्रमको सूचना तथा अनुसूची यसै पत्र साथ संलग्न राखी पठाईएको छ। उक्त सूचना तहाँ स्थानीय निकायको सूचनापाटीमा टाँस गरी किसानहरुको निवेदन संकलन गरिदिनुहुन र साथै सूचना, सूचनापाटीमा टाँस गरेको व्यहोरा मन्त्रालयमा पनि जानकारी गरिदिनुहुन सादर अनुरोध छ।

यज्ञराज जोशी
व. कृ. वि. अ.

श्री प्रशासन शाखा
सूचना टाँस गरी वडा कार्यालयहरुमा पठाउने व्यवस्था तथा website मा राख्न लगाउनु होस्
१।१३

धनगढी उप-महानगरपालिका
दर्ता नं. १०४६
मिति: १।१३
दस्तखत:

प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

फोन: ०९१-४१७४१० (मा.मन्त्री ज्यू)
फोन: ०९१-४१६१६८ (सचिव ज्यू)
फोन: ०९१-४१७३२५(प्र. महाशाखा)
फोन: ०९१-४१६६२१(प्रा. महाशाखा)
इमेल: molmac7@gmail.com

प.सं.: ०७५।७६
च.नं.

**विषयः मसिना तथा वासनादार धान खेती गर्ने बारे सूचना।**
**(प्रथम पटक प्रकाशित मितिः २०७६/०१/०३)**

उपरोक्त विषयमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलालीको आ.व.-२०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कैलाली र कंचनपुर जिल्लामा २०० हेक्टर क्षेत्रफलमा मसिना तथा वासनादार धान उत्पादन गरी आयात प्रतिस्थापन गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक, कृषक समूह, सहकारी, संघसंस्था, जल उपभोक्ता समिती, फर्म, कम्पनी र उद्यमीहरुलाई यही बैशाख १५ गते सम्ममा तपसिलमा उल्लेखित कागजात र अनूसुची - १ बमोजिमको ढाँचामा पूर्ण विवरण भरी कृषि ज्ञान केन्द्र, कंचनपुर, कृषि ज्ञान केन्द्र, कंचनपुरको सम्पर्क कार्यालय, धनगढी, कैलाली वा सिधै यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१) समूह/सहकारी/फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी।
२) समूह/सहकारीको कार्यक्रम मागको बैठकले गरेको निर्णयको प्रतिलिपी।
३) सम्बन्धित गा.पा./न.पा./उ.म.न.पा. को वडा कार्यालयको सिफारिस पत्र।
४) धान खेती गर्न चाहेको जग्गाको जग्गा धनी पुर्जाको प्रतिलिपी वा तिरो तिरेको रसिद।
५) जग्गा भाडामा लिएको भए जग्गा भाडा सम्झौता वा करारनामा पत्रको प्रतिलिपी।
६) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा कृषि ज्ञान केन्द्र कंचनपुर वा सम्पर्क केन्द्र धनगढीबाट निवेदनको ढाँचा उपलब्ध हुनेछ।

**कृषकले पाउने सेवा सुविधा :**

१. धान बीउको मूल्यमा ७५ प्रतिशत अनुदान २. जिंक सल्फेटमा अनुदान
३. वाली संरक्षण मा सहयोग ४. बालीबिमा गराउनमा सहयोग

**प्राथमिकता : यो कार्यक्रम पकेट, ब्लकका रुपमा खेती गर्ने समूह/सहकारी जल उपभोक्ता समिति वा यस्तै एकै ठाउँमा बढी भन्दा बढी क्षेत्रफल खेती गर्ने प्रस्तावलाई प्राथमिकता दिईनेछ। व्यक्तिको हकमा कम्तिमा १ बिघा जमिनको प्रस्ताव हुनुपर्नेछ।**

रविन्द्र बहादुर प्रधान
सचिव

अनुसूची -१

"मसिना तथा वासनादार धान खेती क्षेत्र विस्तारका लागि निवेदन"

रु १० को टिकट

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश, कैलाली

विषयः मसिना तथा वासनादार धान खेती क्षेत्र विस्तार कार्यक्रममा सहभागी गराई पाँउ बारे ।

उपरोक्त विषयमा तहाँ मन्त्रालयको मिति २०७६/०१/...... को सूचना अनुसार हामीले तपसिलको विवरण भरी माग बमोजिमको कागजात सहित मसिना तथा बासनादार धान खेती क्षेत्र विस्तार कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले कार्यक्रम उपलब्ध गराई पाउन सादर अनुरोध गर्दछु/छौं ।

१) कृषक/समूह/सहकारी/फर्म/कम्पनीको नामः
२) ठेगानाः
३) सहभागी कृषक संख्याः
४) मसिना धान लगाउने क्षेत्रफल (बिगाहा, कठ्ठा):
५) लगाउन चाहेको जात र क्षेत्रफल विवरणः

| क्र.सं. | जात | क्षेत्रफल (बिगाहा/कठ्ठा) | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

निवेदकः

आधिकारिक व्यक्तीको नामः

संस्थाको नामः

ठेगानाः

मितिः

सम्पर्क नंः

संस्थाको छापः